# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

**बागमती प्रदेश, नेपाल**

## हेटौंडा उपमहानगरपालिकाको कार्यालय परीसर भित्र पुर्वपट्टी रहेको तीन तल्ले भवन संरचना लिलाम बिक्री सम्बन्धि बोलपत्र आह्वानको सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/३०)

हेटौडा उपमहानगरपालिको मिति २०८३/०१/३१ गतेको नगर कार्यपालिकाको निर्णय बमोजिम कार्यपालिकाको कार्यालय परीसर भित्र पुर्वपट्टी रहेको तीन तल्ले भवन २०७२ सालको भुकम्प र २०८२ भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलनमा क्षती भएको भवन भत्काउनु पर्ने हुदा ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिक र दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको पत्र र कालो सूचिमा नपरेको स्वःघोषणा पत्र सहित रितपूर्वक बोलपत्र आव्हान गरिन्छ ।उक्त कार्य गर्दा निस्कने सम्पुर्ण सामग्री फर्म वा कम्पनीको हुनेछ र कबोलअङ्क भत्काउन लाग्ने खर्च र सामग्रीको मुल्याको आधारमा निर्धाण गर्नु पर्नेछ।

| सि.न. | ठे.न. | भवनको विवरण | धरौटी रकम | बोलपत्र फारम दस्तुर | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | **HSMC/Auction /01/083/84** | हेटौंडा उपमहानगरपालिकाको कार्यालय परीसर भित्र पुर्वपट्टी रहेको तीन तल्ले भवन संरचना लिलाम बिक्री | कबोल रकमको १०% | रु १,०००।०० | २०८३/०६/१४ गते १२ बजे सम्म । | २०८३/०६/१४ गते २ बजे सम्म। |

**शर्तहरुः**

१) बोलपत्र फारम पेश गर्ने फर्मले बोलपत्र दस्तुर बापतको रकम यस उपमहानगरपालिकाको नेपाल बैंक लि. हेटौडाको आन्तरिक राजश्व खाता नं. ०२५०३०००००१००१००००००१ राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद सहित फर्मको इजाजत पत्र, मु.अ.कर दर्ताको प्रमाणपत्र आ.व.२०८१/८२ को कर चुक्ता प्रमाणपत्रको पत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

२) ठेक्का अवधि, ठेक्का सम्झौता भएको मिति देखि २ महिनाको लागि हुनेछ ।

३) बोलपत्र फारम मिति २०८३/०६/१३ गते हेटौंडा उपमहानगरपालिकाको कार्यालयबाट कार्यालय समय भित्र खरिद गरी मिति २०८३/०६/१४ गते दिनको १२:०० बजे सम्म दर्ता गरिसक्नु पर्नेछ। दर्ता भई आएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे यस कार्यालयमा कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवर खोलिनेछ। प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन साथै बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन मानिने छ।

जगन्नाथ अर्याल
उपनिर्देशक

हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्याल

हेटौंडा, मकवानपुर

**बागमती प्रदेश, नेपाल**

४) बोलपत्रदाताले कबोल रमकको १०% बराबरको धरौटी रकम हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा रहेको नेपाल बैंक लि. सिटी अफिस हेटौडाको धरौटी खाता नं. ०२५०३०००००३००००००००१ मा जम्मा गरेको बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस उपमहानगरपालिका कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको बोलपत्र जमानत संलग्न गर्नु पर्नेछ। म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन।

५) बोलपत्रदाताहरुले कबोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६) बोलपत्र स्वीकृती भएको जानकारी पाएको ७ (सात) दिन भित्र प्रस्ताव दाताले पहिलो किस्ता बापतको रकम (कबोल रकमको ५०%) कार्यालयले तोकेको खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। साथै सम्झौता अङ्कको ५०% ले हुन आउने बाँकि रकम र सो को मु.अ.क. सहितको रकम नेपाल सरकारबाट मान्यता प्राप्त बैंकहरुबाट यस उपमहानगरपालिका कार्यालयको नाममा सम्झौता मितिबाट सम्झौता अवधि सकिनु भन्दा कम्तीमा दुई महिना बढी म्याद भएको कार्य सम्पादन जमानत (बैंक ग्यारेन्टी) सम्झौताको समयमा पेश गर्नु पर्नेछ।

७) यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट **www.hetaudamun.gov.np** बाट समेत जानकारी लिन सकिनेछ । साथै यस कार्यालयको सूचना पाटीमा समेत टांस गरिनेछ ।

८) ठेक्का सम्बन्धी प्रिबिड मिटिंग मिति २०८३/०६/०५ गते दिउंसो २:०० बजे यसै कार्यालयमा हुनेछ र बोलपत्रदाताले कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गरी आफ्नै खर्चमा भत्काउने संरचना अवलोकन गर्न सकिनेछ।

९) कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार हेटौडा उपमहानगरपालिकामा सुरक्षित रहनेछ।

१०) भवन भत्काउदा परीसरमा रहेको अन्य संरचना तथा सेवाग्रहि र कर्मचारीको सुरक्षाको उपाय अपनाउनु पर्नेछ। सो को बिमा गर्ने दायित्व पनि प्रस्तावदाताको हुनेछ र सो बापतको खर्च उपमहानगरपालिकासँग दाबी गर्न पाउने छैन।

११) भवन भत्काउदा निस्केको साम्रगी (जिन्सि सामान बाहेक) बोलपत्रदाताको हुनेछ र उक्त सामग्री तथा निस्कने फोहरको व्यवस्थापनको जिम्मेवारी पनि बोलपत्रदाताको हुनेछ।

१२) कार्यबाट उत्पन्न सामग्री तथा फोहोर ओसारपसार गर्दा सवारी साधनको ढाला ढाकि ओसारपसार गर्नु पर्ने छ। ओसारपसार गर्दा को समयमा सडकमा धुलो वा हिलो भई आवागमनमा असर गरेमा प्रस्तावदाता स्वयंले सो को व्यवस्थापन गर्नु पर्नेछ र साथै सो बापतको खर्च उपमहानगरपालिकासँग दाबी गर्न पाउने छैन।

१३) बोलपत्रदाता छनौट भएपछि सार्वजनिक सूचना मार्फत आशयपत्र जारी गरिनेछ। आशयपत्रको म्याद सकियपछि सम्झौता गर्न आउन ७ (सात) दिनको म्याद दिईनेछ। यस्तो मितिले ७ (सात) दिन भित्र पहिलो किस्ता, मु.अ.क. रकम, जमानत दाखिला गरेपछि मात्र सम्झौता प्रक्रिया अगाडि बढाइनेछ। म्याद भित्र सम्झौता नगरेमा राखेको बोलपत्र जमानत/धरौटी जफत गरी रितपूर्वक पेश भएको दोस्रो बढी कबोल गर्ने पक्षसँग सम्झौता गर्न प्रक्रिया अगाडि बढाईनेछ।

१४) प्रस्तावदाताले उपमहानगरपालिकाले दिएका निर्देशनको पालना गर्नुपर्नेछ।

१५) यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१६) अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको फोन नं.०५७-५२४५८८, ०५७-५९१०२१ मा सम्पर्क राख्न सकिनेछ ।

जगन्नाथ अर्याल
उपनिर्देशक

प्रमुख प्रशासकीय अधिकृत